लक्ष्मीप्रसाद देवकोटा

# झंझा वर्णन



# झंझा वर्णन

(काव्य)

## लक्ष्मीप्रसाद देवकोटा

साहित्यरस

साहित्यरस
www.sahityaras.com

यस ईपुस्तकमा समावेश भएका लेख तथा अन्य सामग्रीहरू "प्रतिलिपि अधिकार ऐन, २०५९" अनुसार नेपालमा प्रतिलिपि अधिकार मुक्त रहेको विश्वास गरिएको छ। उक्त सामाग्रीहरू नेपालमा रहेका जोसुकै व्यक्तिले बिना कसैको अनुमति निःशुल्क प्रयोग गर्न स्वतन्त्र छन्। नेपाल बाहेक अन्य देशका व्यक्तिले त्यस देशको प्रतिलिपि अधिकार कानुन जाँच गरी, प्रतिलिपि अधिकार मुक्त भए मात्र प्रयोग गर्नुपर्छ।

तल उल्लेखित सर्तहरू बाहेक अरू केही प्रतिबन्धहरू नराखी साहित्यरसद्वारा यो ईपुस्तक निःशुल्क रूपमा उपलब्ध गराएको छ। यो ईपुस्तक पुनः वितरण गर्न प्रेरित गरिन्छ।

सर्तहरू–
(१) यो ईपुस्तकमा रहेका लेख तथा सामग्रीहरू परिमार्जन गरि सहित्यरसकै नाममा पुनः वितरण गर्न नपाइने।
(२) यो ईपुस्तक हुबहु रुपमा व्यावसायिक उद्देश्यका निम्ति प्रयोग गर्न नपाइने।

---

यस ईपुस्तकका लेखको प्रथम प्रकाशित मिति : वि.सं. २०३९

**ईपुस्तकको स्रोत**
*प्रकाशक* : नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान (मैना)
*संस्करण* : पहिलो २०३९
*ISBN* :

---

**About this ebook edition**
*Originally created as epub*
*Created* : 2026-07-23, 20:51:02 UTC
*Latest minor Correction* : 2026-07-23, 20:51:02 UTC
*Sahityaras ebook id* : 20260723205102

**Cover art**
*Storm (The Big Storm).*
Walter Gramatté, 1916

Please visit www.sahityaras.com for latest corrected version of the ebook.

---

स्वयंसेवकद्वारा सञ्चालित यस सहित्यरस परियोजना तपाईं जस्ता पाठकहरूमा निर्भर छ। फेला परेका त्रुटि या अरू केही सुधार वा गुनासाहरू www.sahityaras.com मा पेश गर्नहुन अनुरोध छ।

# विषयसूची

*सम्पादकीय*

झंझा वर्णन

# सम्पादकीय

यो "झंझा वर्णन" काव्य पनि बनारस प्रवासकाल (२००४-०६) मा नै देवकोटाद्वारा रचिएको हो। प्रकृति-कविका रूपमा विशेष विख्यात रहेका महाकवि देवकोटाको यो प्रकृति-काव्य उनका खण्ड काव्य-परम्परामा नै एक नयाँ प्रयोग र उपलब्धिका रूपमा देखा पर्छ। यस काव्यका रचनामा अङ्ग्रेजी स्वच्छन्दतावादी कविहरूको उत्प्रेरणा केही मात्रामा रहे पनि देवकोटाको प्रकृतिकेन्द्री उग्र सौन्दर्यचेतको अत्यन्त उत्कृष्ट अभिव्यक्ति यस प्रकृति-काव्यमा पाइन्छ।

देवकोटाको बनारस प्रवासकालमा रचिएको हुनाले प्रस्तुत प्रकृति-काव्यमा क्रान्तिकारी झंझावातको विध्वंस रागिनीको पुट प्रशस्तै छ। प्रकृतिको भयानक वा रौद्र घटालाई केन्द्रविन्दु बनाई उनले क्रान्तिकारी "झञ्झावीर" को चित्रण पनि गरेका छन्। यस चित्रणका क्रममा अनुकरणात्मक शब्दहरूको प्रचुर प्रयोग गर्दै 'दिव्य तूफानी' भाषाशैलीका साथ उनको स्रग्धरा-प्रवाह गडगडाएको पाइन्छ। यस गडगडाहटमा काव्यकार देवकोटाका राष्ट्रिय र अन्तर्राष्ट्रिय क्रान्तिकारी युगबोध र जागृतिघोष पनि प्रशस्त चलमलाएका छन् तर देवकोटाको मूल अन्तर्दृष्टिचाहिं युगीनताका साँधबाट प्रकृति र जीवन जगतका उच्च स्वप्नहरू थिचिएमिचिएपछि देखा पर्ने विकृतिहरूका विरुद्ध युगयुगमा देखापर्ने झञ्झा वा आँधीबेहरीहरूका प्रकरणहरूको शाश्वत सत्यको उद्घाटनतर्फ उन्मुख भएको छ। त्यसैले युगचेत र आत्मिक चेतको सशक्त समीकरणतर्फ उनको यो प्रकृति-काव्य लागेको पाइन्छ। यसमा पूर्वीय पुराकथा, तन्त्र र अध्यात्म दर्शनको पनि गहिरो प्रभाव परेको देखिन्छ। निचोडमा प्रकृतिको रौद्र रोषको अत्यन्त सशक्त प्रस्तुतीकरण, विप्लवी युगचेतनाको प्रभावकारी अभिव्यक्ति र जीवन-जगत्का

शाश्वत आत्मिक मूल्यहरूको पुनःस्थापना सूक्ष्म व्यञ्जनाका विभिन्न स्तरमा अत्यन्त समर्थ तूफानी भाव-बिम्बहरूका आधारमा गतिशील यो काव्य महाकवि देवकोटाको उच्च प्रतिभाको एक असाधारण प्राप्तिका रूपमा उभिएको छ। उनी झञ्झावातको पृष्ठभूमि दिँदै प्राकृतिक र मानवीय यात्राका साथै सामाजिक र राष्ट्रिय असङ्गतिहरूको चर्चा पनि गर्दछन् अनि प्राकृतिक विप्लवसँग मनुष्य-सभ्यताका विप्लवी पाइलाहरूको संयोजन गर्दै त्यहाँ सत्, शिव र सुन्दर मूल्यहरूको पुनःस्थापनाका बीज पनि भेटिन्छन्। वस्तुतः उनी तापउत्पीडन, झन्झा-विप्लव र पुनः नव-सृजनाको शाश्वत चक्रकै भाव-भूमिलाई नै झन्झा-काव्यद्वारा व्यञ्जना गरिरहेका छन्।

–सम्पादक
डा० वासुदेव त्रिपाठी
प्रा० ठाकुरप्रसाद पराजुली

# झंझा वर्णन

(१)

फिँज्दै काला पँखेटा घनमय घनको डम्म ढाकेर व्योम।
पंखीको उग्र राज गडगड गडकी चड्कियो सूर्य, सोम ॥
मेटी, भेटी अजङ्का गिरिवर पहरा, छड्कियो हेर! हावा।
गोला पड्के चचड्के शिखरहरु, हुरी खान्छ आकाश कावा ॥

(२)

छड्की पड्की चचडकी चटचट चटके चालले कर्र पारी।
दाह्राधारी हुरीका चुरिइ, अघि झरे वृक्ष हाँगा झटारी ॥
तड्की गड्की झझड्की घडघड स्वरले पोख्छ लाखौं घडारी।
आयो भीमोग्र आयो प्रलयबल हुरी विश्व सारा मडारी ॥

(३)

सन्नाटा शान्तिधारी सडलपडलको नीरवैश्वर्य भारी।
मुर्दा संसारमाथी सकल उर थिची ऐंठनै-तुल्य जारी ॥
बेझस्का पातमाथी निशि सदृश चिता चेतले हीन पारी।
मायाको राज्य गर्थ्यो भ्रम दलित थिए दृश्य सारा अनाडी ॥

(४)

निद्रा बेचाल बस्थ्यो गिरिविपिनभरी कृष्णपंखी कराल।
कालैको सामु मानो मृतक मुखसरी भ्रान्तिको शान्तिजाल ॥
मूर्दाको मूर्ति जस्तो सुझबुझविनको पत्थरीलो अनौठा।
निश्शब्दी स्तब्धताले प्रकृति सब जिती पार्दथ्यो मल द्यौता ॥

(५)

फारी फोरी उधारी भ्रममय शवको शान्ति-च्याहान-जाली।
झंझाले हान्छ पंजा थरथर पृथिवी काँप्दछिन् त्रासवाली ॥
झूटो मूठो लपेटी फटफट फटकी पंखले देश सारा।
धूलो मुश्लो उडाई हररर चल्यो सत्यको वायु-धारा ॥

(६)

सड्दा लड्दा पहेंला मृतक दल बने प्रेतका झुण्ड जस्ता।
नङ्गे बङ्गेर हाँगा अयुत शव बने पात दुब्ला र सस्ता ॥
कर्के धर्के र मर्के विटप, किटिकिटि दाँतले काट्छ हावा।
पापी संसारमाथी प्रलय गति लिई धर्मको गर्छ धावा ॥

(७)

काला काला अँध्यारा भुजगघनहरू अग्निले झिल्लझिल्ल।
सल्किन्छन् पाप जस्ता सिलिङमिलिङ भै यज्ञ प्राचीन तुल्य ॥
रुन्छिन् आमा तिनैकी, गलमल युगको सल्बलाएर फिर्छ।
सद्बज्जी आँधि आई अवनि गगनको वज्रले छाति चिर्छ।

(८)

लाखौं प्राणीहरूको पवन खलबली चल्मलाए समान।

आकाश धूम्रव्याप्त, प्रकृति-तिमिरले पूर्ण आच्छन्न मान ॥
यौटा प्राचीन सत्त्व प्रकटित युगका क्रान्तिका फौजसाथ।
बल्दै निभ्दै धुवाँमा परिणति गतिमा चाल्य भैं भो प्रपात ॥

(९)

थर्केका टाकुरा छन् घनपिहित गुफा बीच एकान्तभित्र।
ताली दिन्छन् अनेकौं प्रकृति गणहरू ताण्डवीमा विचित्र ॥
बज्छन् बज्छन् अनौठा शिवडमरुहरु डिम्डिमाएर डब्ब।
बज्छन् शंखादि भेरी प्रबल तुमुल यै नाच्छ आकाश शब्द ॥

(१०)

जो जो सुत्छन् निदालू तिनउपर गई थालमा हुङ्ग हुङ्ग।
आँधीले मंत्र गर्दै सक्रिय बन भनी द्वार हान्दो छ ढुङ्ग ॥
मानो यौटा नवीन प्रकृतिबिच बन्यो यो कुरुक्षेत्र धार।
मानौ बीसौं शताब्दी यस जगतविषे क्रान्तिको दिक् छ चार ॥

(११)

हा हा हा हा छ सारा हडबड मनमा वृक्षमा हौट हौट।
हावाका लाख घोडा कटकटट गरी टापले कड्कडाए ॥
हल्लागुल्ला छ सारा, तिमिर छ सबमा दौड औ धूप व्यर्थ।
शङ्काले रन्थनेको मनुज प्रकृति भैं देशको हेर चित्र ॥

(१२)

छोड् छोड् भन्दै गगर्जी लहर लहरमा गर्वले फिर्छ हावा।
ऊँचा ऊँचा सबैमा गिरि, घर, तरुमा पंखले गर्छ दावा ॥
फन्फन् फन्फन् घुमेको पवन छ वनमा राह केही नपाई।

यस्तै होला सबैको मनुजहृदयमा घोर भित्री लडाइँ ॥

(१३)

फागू खेली धुलोको हहर हहरमा हर्रिदै हुर्र आयो।
आँखा छोपी जगत्को तिमिरमय दिशालाई रातो रँगायो ॥
भुत्ला सुत्ला उखेली प्रकृति विहगको घोर घन्के उडायो।
पंजाले हाल्छ झंझा यमसरि जगको वज्रको मुष्टि ल्यायो ॥

(१४)

धूलाका भूत काला हरहर धसिए कल्पनाका पिशाच।
लम्बे चौडे बनेका दहउपर तथा वृक्षका माथि नाच ॥
बन्छन् धूले धरौरा भुँबरहरु परे फन्फनाई फनन्न।
जस्तो पानी तुफानी जलधिबिच उडी घुंदछन् घन्नघन्न ॥

(१५)

मानो कोही रिसालु कविवर सुरको शीर्षका भाव धारा।
झंझा धारा बनेझैं हुतुहुतु जगमा सत्य क्रोधी फुवारा ॥
गंगाकी वारिधारा शिवशिरबिचकी फन्किए झैं गगड्की।
चड्की पड्की हुरी यो घइमल युगको गो निफन्दै र छड्की ॥

(१६)

काली लाली-कराली सुललन रसना दैत्यमा छुट्न जाली।
खुट्टो यौटा उचाली धडहरु कटिका झन्न पारी उछाली ॥
नीली काली प्रवाली असिकर भयकी भावझैं कम्पवाली।
भूकम्पी केशजाली हुतुतुतुतु गरे झैं हुरी चल्छ ताली ॥

(१७)

हज्जारौं वर्षसम्मन् मनुजहृदयमा घोर निद्रा कराल।
सद्धर्म्मी वृत्ति सारा अलप हुन गई बिग्रिंदा चालमाल ॥
लाखौं गोल्माल चल्दा बहुत युगहरू सत्यमा गर्न दावा।
हो हो गर्दै कराएसरि हरिपदमा चल्छ रोएर हावा ॥

(१८)

मानो यो शब्द ब्रह्म प्रकृतिबिच सबै खल्बलाई घनन्न।
सूत्रै यौटा नपाई ध्वनित बहु दिशामा भई ध्येय शून्य ॥
संसारै लाई सारा खलबल बलले रन्किंदो जाल पारी।
पारावारै उछाल्दो अनियत ध्वनिको चल्छ आघात भारी ॥

(१९)

माया विक्षेप जस्तो सकल मनविषे त्रासले आस मर्दा।
कालै आएर नाची शिरउपर बनी जीवनै आधि मुर्दा ॥
बर्बर बर्बर गरेझैं बरबर जनता मार्ग छुट्दा वरेण्य।
झंझा आई बनायो खलबल घर यो हेर कालो अरण्य ॥

(२०)

बौलाहातुल्य कोही अशमन दुखको गुंसिएको अनन्त।
तोडी जंजीर कारा घर-वन-जलमा शब्द भर्दै दिगन्त ॥
मैलो कालो बलीयो छलबल छरिंदा केशको कृष्ण शण्ड।
क्रोधावेशी दशामा वरपर छ घुमेको हवा हेर जण्ड ॥

(२१)

झुक्छन् खल्ली र वल्लीबिच विटपहरू छल्बलाएर पात।

हान्दै तान्दै घचेड्दै घचघचहरू दी लाख आघात, घात ॥
आफ्नो ध्वंसी महोग्र प्रकृति प्रकृतिमा त्यो हुरीले प्रदर्शी।
संघर्षी मार्ग छानी युगगतिसरि त्यो जान्छ संसार तर्सी ॥

(२२)

द्यौताको क्रोध जस्तो चुरमुरहरूले अग्नि बालेर झिल्ल।
लाखौं उल्का निकाली दुःख दिइ जगमा पार्दिने खल्लबल्ल ॥
धर्म्मैको ध्येयद्वारा प्रलय अनिलका दी झपेटा चपेटा।
झन्झा झन्किन्छ भन्झन् असुरदलहरूमा लगाई लखेट ॥

(२३)

ढाङ्ढुङ्ग डाङ्डुङ्ग पारी प्रबल कर कुनै भूतले तुल्य द्वार।
भत्काई द्वार छाना फनननन घुमी धूलिको खान्छ सार ॥
स्वप्ना लाखौं मिटेको हृदयसरि महान् शून्यसाफल्य क्रोधी।
झंझा चल्दो छ घन् घन् अमिट दुखहरू शब्द पारेर क्रोधी ॥

(२४)

खाल्टो पर्दा गहीरो पवन सदनमा वायुको गर्त घोर।
बिग्रेकी ठाउँ छोडी प्रकृति हुनगई गड्बडाई अघोर ॥
देवात्माको लडाई असुरसँग भएझैं परी धर्म युद्ध।
झंझाका लाख छौंडा हुइँ-हुइँसित छन् शक्तिधारी प्रबुद्ध ॥

(२५)

क्रोधात्मा सर्वलाई मदनशर परी रन्थने झैं अपार।
दाना दाना बिझे झैं तप गडबड भै पर्न जाँदा विकार ॥
तेस्रो आँखा उघारी अनलमय महानाशको दन्न ज्वाला।

झिल् झिल् झिल् झिल् गरेझै बिजुलीसित हुरी रन्कियो वेगवाला ॥

(२६)

बाक्ला बाक्ला जटाका जड जडतक नै क्रोधको आँधि आई।
छल्बल खल्बल् गरेझैं हुइँ-हुइँ वनमा वृक्ष जस्ता नचाई ॥
पड्केका बाघछाला भुइँबिच डमरु डब्डबाई अघोर।
नाचे झैं भूत लाखौं गणसित शिवजी आँधि चम्क्यो अजोड ॥

(२७)

डग् डग् डग् पार्छ खालि ढुक ढुक ढक ढक् बन्दछन् छाति सारा।
त्रासैको रूप जस्तो तिमिरमय महान् ढाक्छ आशा-सितारा ॥
गोधूली धूलीगोला चमचमसित यो चम्कियो भूमिचम्पा।
हल्ले रल्ले उछल्ले तरुवर डगमग् काँप्दछन् हेर खम्बा ॥

(२८)

खेदी खेदी लखेटी छरबर टुकडा झुत्रिएका विभिन्न।
कल्सेंदा भूमिमाथी तह तह पतला माकुरे मेघबाल।
डम्मेको व्योमलाई जलधिसरि निलो घड्घडाएर घट्ट।
पोख्दै घत् घत् घडाको सिरगिर जलका फोहरा आँधि बढ्छ।

(२९)

पारावारै चढेको गगनउपरमा बाफ नीलो बनेर।
आगाको नेत्र ज्वाली झिलिकमिलिकमा टाकुरा हेर्छ हेर ॥
ल्याएको दाइजो जो रतन-सलिलको छर्र पारी घडाका।
पृथ्वीलाई चढाई गडगड चढ्यो वायु मानो लडाका ॥

(३०)

के यस्तो रुद्रदेखि प्रकृति-हृदयमा चित्र प्राचीन रौद्र।
लेखिन्नन्? भीमरेखा... अमित बल तथा राष्ट्रको उग्र वेग ॥
काला श्री कृष्णजीको वदन-घनसरी युद्धगीता कराल।
भेरी शङ्खादि बज्दा घननन रणको दृश्य यौटा विशाल?

(३१)

हात्ती छन् हेर ठूला पवनतुरगको फौज बढ्छन् गडड्ड।
रेंकी केंकी कराई विविध स्वर गरी लड्दछन् झुण्ड-झुण्ड ॥
पानी नै बर्षि आयो रुधिर-समरको छन् धरामाथि धारा।
कोकोलो हाल्छ सारा पवन जगतको क्रोध गर्दो छ मारा ॥

(३२)

गर्वी अर्बी चढेका तुजुक अति गरी भूपका भीमरूप।
क्रोधान्धोग्र प्रचण्ड प्रकृति अवनिमा गर्जिई उच्च खूब ॥
सारा सेना उछाली असिकर भयका आँधि झैं युद्ध गर्दा।
झल्केको शस्त्र-जस्तो प्रबल झलकियो मेघको ज्योति गिर्दा ॥

(३३)

कालो छायो अँधेरी मिरमिर हुन गो सूर्यको राज्य मासी।
गड्केको युद्ध चड्क्यो चटट कुलिशको भीम ज्वाला प्रकाशी ॥
वाणैको झुण्ड जस्तो धन जल कुहिरै दर्कियो धर्किएर।
छड्के हानी बखानी झररर झऱ्यो आँधिले सर्किएर ॥

(३४)

प्रेतात्मा लाख मानो अति व्यथित भई घोर पाई अशान्ति।

हज्जारौं स्वप्न आफ्ना विफल हुन गई गड्‌बडाएर क्रान्ति ॥
खल्बल्मा रल्लिएभैं हलचल मचियो गल्मलाएर हावा ।
रोएभैं मानवेच्छा हुइँहुइँ भरियो, भीमता खान्छ कावा ॥

(३५)

चड्‌की चड्‌ड्याङ र चुड्‌डुङ रिससित घनले फ्याँक्छ आगो शिखामा ।
हावा आएर हाँगा हिलहिल गरिंदा खल्बलेको दशामा ॥
धर्केका पात झर्दो किरिकिरि करकी कम्पले भै अशान्त ।
जीवैको भैं नमूना सदृश छ तरुको विश्वशक्ति-प्रकोप ॥

(३६)

रूसी हावा उठे भैं प्रकृतिबिच उठ्यो क्षोभको उग्र सास ।
साह्रै नै भै अँध्यारो विषयपन भरी मानवाकाश खास ॥
जो जारी एकलौटी असिकर डरको राज्यको दिव्य दावा ।
कालो मैलो पुरे ती सकल जकडिंदै क्रोधले हान्छ हावा ॥

(३७)

ज्यादा भै धर्म्म साह्रो प्रबल पुरुषका हातको चर्तिखेल ।
बन्दा दिव्याधिकारी शठ पनि जगमा, गै प्रजा खूब खेर ॥
सत्‌को संचालनार्थ प्रगतिबिच नयाँ ईशको चल्मलाई ।
कोल्टे फेरेसरी भो हरि अति रिसले यो हुरी खल्बलाई ॥

(३८)

मानो हिन्दू मुसल्मान् दुइतिर यसमा गर्दछन् खल्लबल्ल ।
सोला हानेर गोला अनिल प्रकृतिका भारती गल्लमल्ल ॥
मानो वर्षन्छ धारा रुधिरमय महान् झर्झराएर झर ॥

तर्सिन्छन् बाल पत्ती खलबलबिचमा प्राण चल्दो छ हर्र ॥

(३९)

सड्दो पड्दो र उड्दो सब चिजहरूको भै पहेंलो खसाल।
फर्के झैं फेरि आर्को ऋतु प्रकृतिविषे बद्लिई एक काल ॥
हावा आयो अनौठा प्रगतिरथ चढी क्रान्तिको तुल्य श्वास।
पर्छन् उल्का र झुल्का लहर र भुँवरी खल्बले नाश, भास ॥

(४०)

हेर्दा हेर्दै हुरी यो गडड मनमा क्रान्तिको जोश आई ॥
फेरूँ फारूँ पुराना सब चिज र नयाँ शक्ति ल्याऊँ फिंजाई ॥
भाँचूँ कर्काउँ हाँगा बलसित जगमा क्यै लडी काम उग्र।
गर्ने हूँ वीर भन्ने हृदय युवकको अग्नि झैं हुन्छ अग्र ॥

(४१)

ऐले क्वै छैन शक्ति प्रकृति गडगडी वेगले उर्लिइन्छ।
खाली पेलेर जाने वरपर नअडी उग्रको ध्येय लिन्छ ॥
फिंज्दै लम्बा पँखेटा जनवश नहुने भावको उग्रवेगी।
स्वातन्त्र्यासक्त हावा हृदयसरि महाक्रान्तिको चल्छ वेगी ॥

(४२)

मान्छौं भ्रातृत्वमा छौं विषम फरकको भावमा रन्थनेका।
झूटा मूठा चलाखी गलमलहरूमा खल्वलाई रहेका ॥॥
भन्दै स्वातंत्रपङ्खी नवयुग-बल झैं क्रोधको प्रश्नसाथ।
हान्दै तान्दै र झान्दै तिमिर-घन सबै क्या पँखेटिन्छ नाथ! ॥

(४३)

मानो कोही युवाले गगनबिच सबै भावका मेघमाला।
धूवाँ झैं जिन्दगानी हरहर स्वरमा नित्य फुक्दो निराला ॥
तोडी छाडेर काला सडल पडलका रूप, वेगेर ज्वाल।
दोस्रो स्वर्गै बनाऊँ अवनितल विषे भन्छ उड्दै कराला ॥

(४४)

योगीको ढुक्कुरे चित् शम-शम स्वरले सानु शान्ति प्रणादी।
अल्पे झैं आँधि आयो प्रगतिमय जगत्लाई सन्नाद बाढी ॥
हल्लाई विश्वका नै जडहरू करले कर्कराई कराल।
छोटा साना कुरामा रिससित चटकी पङ्ख फिज्दै विशाल ॥

(४५)

मानो पाश्चात्य शक्ति प्रतिबिच नयाँ पूर्वको व्योममाथि।
छाँटी काँटी अनेकौं चिजहरू अघिको बादले हुन्छ आँधि ॥
व्यक्तित्व प्रेमद्वारा अणु-अणु नरका पूर्वका खल्बलाई।
क्रोधान्धी शक्ति चाली निज बल जगमा राख्न वेगिन्छ आई ॥

(४६)

यो ठूलो इन्किलाव प्रकृतिबिच चल्यो आँधिको हेरफेर।
झूटो मुर्दा मजामा क्षणिक सुख तथा चैनमा लात देर ॥
संसारै फेर्नलाई थरथर पृथिवी थर्थराएर धन्न।
नाङ्ग्लाका पूर्वको यो गडबड कनिका हात चाली निफन्न ॥

(४७)

रोएका वृक्ष ठूला खलबल जलले आत्तिएका समस्त।

ढल्मल् गर्छन् हजाराँ दलदल चुँडिदै आँधिमा उग्र त्रस्त ॥
रोऊन् न्युरुन कराउन् तर तल त्यसको वेगले खान्छ कावा
आफ्नो बाटो नछाड्ने प्रगतिमय नअड् वेगले हान्छ हावा ॥

(४८)

तारा सारा लुकाई गगन बदनमा एक पर्दा उठाई ।
स्वर्गैलाई लुकाई खलबलहरूमा प्राण तर्साइ आई ॥
झन् झन् झन् शक्ति चाली उथल पुथलमा उग्र ज्वाला निकाली ।
आफ्नो वेगै नहानी जगत बरु मरोस् जान्छ कालो पखाली ॥

(४९)

नीलो होला ततर्सी गगन पछि हुँदा आँधिको वेग शान्त ।
तारा आँसू धुलारु सदृश चमचमे झल्किएलान् प्रकान्त ॥
मैलो थैलो नफाली चटचट शव झैं शान्ति केही नफारी ।
आफ्नो हान्ने नहानी पवन चुरिइँदो जान्न व्योमै उघारी ॥

(५०)

धर्म्मैमा शब्दब्रह्म प्रकृतिबिच हुँदा खल्बले ध्येयहीन ।
गल्मल गल्मल् चले झैं जन हृदय नभै त्रास-शङ्काविहीन ॥
घोट्दा घोट्दा अनेकौं मनमन र कसी पारखी आखिरीमा ।
यौटा बाटो लिए झैं गडडडड चल्यो आँधि आफ्नो चुरीमा ॥

(५१)

बिर्सेका धर्म्मवृत्ति प्रकृति विकृत मै गल्मले भीड तुल्य ।
ईशै छैनन् भने झैं हृदय हुन गई नास्तिकप्राय चाल्य ॥

आफ्नी उग्रातिउग्र प्रकृति नबुझिंदा रुद्रको भीम चाल।
विश्वै ब्रह्माण्ड खल्बल्सित पवन चलेझैं छ हावा कराल।

(५२)

यत्रो क्रोधान्ध हावा हुइँ हुइँ रथमा शक्तिको अश्ववेगी।
उग्रक्रान्तिप्रकंपी चुरचुर रिसको दिव्य बेरोक हेर!
यल्लाई भित्र चाल्ने हृदयतल छ क्या शान्तिको तत्व शुद्ध।
सौन्दर्यैतुल्य भीम-प्रकृतियुत चल्यो गड्गडाई अक्रुद्ध॥

(५३)

यस्मा देखिन्छ सारा घनघन रवको रौरवैतुल्य दृश्य।
यस्मा देखिन्छ सारा विषम गुण तथा भीमताको रहस्य, ॥
यस्भित्रै आखिरीमा समगुणहरुको खल्बलाई छ घोर।
यो हो शान्तिप्रभावी रुमल-उमल यो दुःखको राव, शोर॥

(५४)

सच्चा शान्ति प्रतापी यदि बुझिन सके आँधिको घोर रूप।
सच्चा कान्तिप्रकर्षी तिमिर गहनको व्योमव्यापी स्वरूप॥
उग्रैमा शान्त आगो प्रकटित नभई धूम बन्दैन ज्वाला।
हावाको फन्फनीमा सघन मनले तत्त्व देख्यो उज्याला॥

(५५)

यो ठूलो रन्थने हो ज्वर प्रकृतिविषे रोगको चिह्न खास।
रन्केको भाल खाली गडबडहरूको उर्लिंदो उग्र श्वास॥
यो तातो आँधि ज्वाला बरबरहरुमा बर्बरायो करायो।
यै हो स्वास्थ्यप्रपोषी यसविन जगमा शान्ति कैल्यै न आयो।

(५६)

हात्ती झैं इन्द्रको यो विपुलतन चढी मात गर्जिन्छ खूब।
फन्काई सूँढ साँढा जलभर छहरे गर्जनाले अनूप ॥
का काँ कीं कूँ कराई जल दवनभरी गड्गडाई दगुर्छ ॥
घन्काई व्योमसारा रिससित चुरिई फन्फनाएर फिर्छ ॥

(५७)

लड्दा छन् देव सारा असुरसँग महायुद्धमा गड्गडाई।
गर्वी अर्बी चढे झैं क्षितिजहरू बढे कृष्ण-सेना बढाई ॥
वज्रीले वज्र हान्ने अनलमय महाशस्त्रवाला सुरादि।
गड्की चडकी लडेको घडघड रणमा वर्ष घन्क्यो अनादि ॥

(५८)

देखी यो दृश्य हाम्रो हृदयबिच महायुद्धका दृश्य झल्के।
जर्मन् संसारमा जो हिटलर युगका शक्तिका आँधि सल्के ॥
झण्डा राष्ट्रीयताको शरममिट तथा शानपोषी अघोर।
बल्वा झैं सल्किएको तुजुकसित बढ्यो रक्त पोखेर धेर ॥

(५९)

पाश्चात्य व्योममाथि प्रकटित युगको नास्तिकप्राय तत्त्व।
ज्यादा जीवी चले झैं रणमुख गतिमा घन्न पारी महत्त्व ॥
संघर्षात्मा हुरी यो प्रकृतगतिसरी कालको जातिभित्र।
उर्ल्यो पूर्वीयतामा उथलपुथलको वेग हानी विचित्र ॥

(६०)

शङ्का त्रासादि उर्ली प्रचलित गतिका कार्यमा लाख बाधा।
पर्दा आधा भुलेका प्रकृति जनहरू कामनासाथ साधा ॥
यौटा को हो उज्यालो पथ र तरजुमा पाइएला भनेर।
हाहा हूहूहरुमा गडबड रहँदा तुल्य भो आँधि हेर ॥

(६१)

तर्सेको भित्र आत्मा उथलपुथलले राह केही नपाई।
संसारैमा उज्यालो पथ हुन नगई बर्बराई डराई ॥
आफ्नै सच्छक्ति ठूलो प्रकटित गरिने पन्थ बिग्रेर सोझो।
लाखौँ भीमोग्र गड्बड् निज प्रकृतिविषे पाउँदो तुल्य भो यो ॥

(६२)

वेदान्ती प्याजछिल्का छिन छिन उधिनी भित्रको सार हेर्न।
खोजे झैं क्यै नमिल्दा त्यस अनुभवमा सव्यले हीन वर्ण ॥
मिथ्या झैं लाग्न जाँदा खलबलहरुको गेह झैं भै स्वभाव।
बिग्रेको साधुमर्मीसदृश प्रकृतिमा आँधिको भो प्रभाव ॥

(६३)

लाखौं माया र छाया अनुभवहरुका लाख पर्दा विकार।
कायामा मोह लाखौँ उलटपुलटका तर्सिने अन्धकार ॥
आफ्नो भीमोग्र विश्व उथलपुथल भै घोर ब्रह्माण्ड उल्टी।
गुल्टी खाएसरी यो प्रलय प्रकृतिले साधुको हेर! चुल्ठी ॥

(६४)

धर्म्मैको युद्ध चल्दा निजनिज गतिमा युद्ध बोक्ने अघोर।
सारौं बासा विकम्बा नृप, यति, गुरुका खल्बले घोर सोर ॥

मच्चेभैं गड्बडाई अतिशय छिचरा सानु सिन्का लुछालु।
हुंकारी विश्व खारी हडबड हुँडियो आँधिमा क्या! रिसालु ॥

(६५)

अध्यात्मद्वन्द जस्तो लहर पहरको लाख फन्का लगाई।
डोरी तानी बटारी मनुज प्रकृतिमा घर्षणा नै जगाई ॥
आत्मा-आत्मा लडे भैं गगनपथविषे क्रूर भावादिद्वारा।
संसारैको घघन्के प्रलय-दिवस भैं गल्मल्यो वायुधारा ॥

(६६)

शङ्काको त्रासको वा गतिसरि नभमा हेर हावा करायो।
नैर्मल्यै छैन काहीं जग सब बदलीले उठी घन्न छायो ॥
मानीसैको पहीलो अधबढ बहुतै वामुने गोलमाले।
एकाईहीन साङ्ग्रो प्रगतिबिच उठे भैं छ यो आँधि काले ॥

(६७)

एटम् बम्तुल्य चड्क्यो कुलिश गगनमा आँधिको जोर चल्दा।
विज्ञान वाद चंकेसरी बिजुली बनी अग्निको सर्प-भिल्का।
आकाशै डम्म ढाकी प्रथम रवि-छवि "स्वः" विषे छैन तुल्य।
बिर्साई आँधि घन्क्यो घडडड रिसले धर्म्म बिर्सी अमूल्य ॥

(६८)

धूलोको लिन्छ फाँको घडघड स्वरको व्यर्थको गर्छ डाँको।
राँको ज्वालेर बाँको गलमल गतिले देखिंदैनन् कहाँ को ॥
चाको भैँ दुःखको यो विषमय भरियो तत्त्व छोडेर पाको।
हाँक्यो संसार सारा तुजुक लिइ महान् धाक लाई कहाँको ॥

(६९)

छड्केका चित्रका क्यै दुखमय दिनका आँधि-ज्वाले विचार।
सारामा ठक्कराई पहर पहरमा उर्लिंदा उग्र ज्वार ॥
सारा संसारका नै गति-प्रगति तथा वाद त्यस्तै फसाद।
घन्के भैं शान्ति बिग्री उथलपुथलमा आँधिको हुन्छ याद ॥

(७०)

बोली केही नबोल्ने शिखरहरु शिलारूपसम्मन् गगड्के।
धैर्यैका रूप जस्ता अचलहरु पनि गड्बडाएर चड्के ॥
फड्क्यो खाल्डा र खोला बगर सब हुरी भीमको शक्ति छड्क्यो।
कड्क्यो पड्केर हावा अवनितल सवै कंपिदै थर्र धड्क्यो।

(७१)

साह्रै राम्रो मलाई प्रकृतिबिच यही आँधिको दृश्य हुन्छ।
एक्लै एक्लै बसी यो अवनितलविषे चित्रले आँधि छुन्छ ॥
हाँगा हिल्छन् हजारौं उथलपुथलमा विश्व नै घन्न रुन्छ।
ठण्डा यौटा मजाले त्यसबिच दिलले दिव्य आनन्द लिन्छ ॥

(७२)

आत्मा मेरो छ शायद् उथलपुथलको देवता घोररूप।
झत्काई आफ्नु सारा प्रकृति त्यसविषे शक्ति चाली अनूप ॥
झंझाको दिव्य पंजा हुइँ हुइँहरुमा हानिंदा घन्न घन्न।
मीठो केही मजा मै मम प्रकृति सदा भन्छ हे ईश! धन्य ॥

(७३)

अन्धा छन् धेर पृथ्वीबिच प्रभु-महिमा सत्य वा जान्नलाई।
अन्यायी वृत्ति चल्छन् शठ प्रकृतिहरु घुम्दछन् धन्न आई ॥
सस्तो भो शान्ति साह्रै उथलपुथलको गडबडीमा झिझिल्ल ॥
चंकेको क्यै तडित्मा सत-झलक नभै विश्व भो अल्लमल्ल ॥

(७४)

गर्वीहो! गर्व उग्र प्रकृतिबिच यहाँ गड्बडाइ बढाओ ॥
शानीहो! आँधिभित्रै तुजुक रिसहरू पोख्न छाती चढाओ ॥
क्रोधीहो! क्रोध तिम्रो फनफन घरमा घन्न घन्काइ गाओ।
उफ्री उफ्री चचड्के प्रकृति विषयका नाच आफ्नो नचाओ ॥

(७५)

अन्यायीहो! हजाराँ यस जगतविषे फूर्ति राखेर आओ।
न्यायीहो! गर्ज यस्मा सतबल हरिको क्रोधद्वारा जगाओ।
गड्गड् गड्को लडाका! रण-फण मनका वृत्ति सारा बढाओ।
दाह्रा किट्ने अँध्यारा धरम-भुजग हो अस्थिको शक्ति ल्याओ ॥

(७६)

वीरात्माहो! गगड्की यस गडबडका पोख आफ्ना नशाका।
धारा उम्लेर ताता अवनितलविषे राख आफ्ना पताका ॥
तर्वारी हात सारा थरथर रिसले गर्जिई चाल झिल्ल।
गुण्डा उल्लू, बिकम्बा शठ हठ सबको क्षेत्र घूँला अमूल्य ॥

(७७)

के चाहन्छौ जगत्मा जनहरु अहिले सर्वका गर्वद्वारा?
चाहन्छौं आँधि ठूलो गडबडहरुको बाज्न खोज्छौ नगारा ॥

झिल्काई क्यै बिजूली दुखसित नभमा क्यै कराएर अन्त।
झंझामा चढ्न खोज्छौ चढ चढ जनहो! व्याप्त पारी दिगन्त ॥

(७८)

यस्तै हो सव्यको लौ प्रकृति जगतमा बुझ्न सक्ने अहीले।
यस्तै हो धर्मको यो प्रगति जगतमा देख्न सक्ने अहीले ॥
झन्की फन्की फफन्की दनदन बल है क्यै नसेलाएसम्म।
ढ्याङ्ग्रा ढुङ्ग्रा नगाराहरु सब जगमा बाज पारी अचम्म ॥

(७९)

यै वेला हो जगत्मा उठ उठ दुनियाँ ए! म के देख्न थालें?
झंझाको चालमा यो गडबड जनको कल्पना पो निकालें ॥
संसारैका प्रवृत्ति प्रकृति दृढ तथा धर्म्म, सिद्धान्त, नीति।
साराको शान जस्तो गडबड छ हुरी भीमको उग्र गीति ॥

(८०)

यस्तैमा हुन्छ कोही दिन जगतविषे विश्वको चालमाल।
ज्यादा गर्वी र शानी विषयविष फिंजी गर्न लाग्दा कुचाल ॥
मान्छेले आफूलाई भुलिकन जगमा मानवी ढङ्ग छोडी।
ज्यादा गर्ला जहाँ जो चुरिफुरि अति त्यो अधिको बीज गोडी ॥

(८१)

धर्मैभन्दा अनेकौं गडबडहरुका ढङ्गले सत्यरेखा।
छाडी नाटी-कुटीमा मनुजप्रकृति नै उल्टिने क्रूर छेका ॥
राखी बेकार सारा गलमलहरूमा शूलका युद्धद्वारा।
स्त्रीबाल-ध्वंस गर्ने थिति गडबडिंदा आँधि छुट्छन् हजारौं ॥

(८२)

जो त्यागी साधु आत्मा निज प्रकृति बुझि शान्तिराही हुँदैन।
बेराजी तत्त्वद्वारा सब जनकन यो विश्व छोडी दिंदैन ॥
त्यस्ता आत्माहरूको प्रकृति-विषयमा खालि इच्छा बढाई।
ईशप्यासी नबन्दा भयरहित अधर्म्मी चल्यो आँधि हाई ॥

(८३)

जो वेला ईश बिर्सी मनुज-प्रकृतिले आफु नै संभी रोला।
अन्तै सम्मन् अरूको दुखहरु नबुझेमा अणु ध्वंस होला ॥
यस्तै तूफान मच्ची प्रलयरवहरू घोर हाहा मचाई।
उठ्नेछन् द्वन्द्व लाखौँ रनथन दुनियाँ अन्ध झंझा नचाई ॥

(८४)

यस्तो देखी तमाशा जगतबिच महान् विप्लवाकाशमाथि।
लाखौं संसार त्यस्तै युग र समयको त्रास ठूलो अनादि ॥
आई चीसो बनाई हृदयकन सबै पापको काँप्छ दाना।
हे हे हे ईश! भन्दै किन किन खग यो खोज्छ लंकेर जान ॥

(८५)

छोरा छोरी हराई वनविच रिसले क्रुद्ध सिंही गगर्जी।
कोकोलो शब्द हाली गिरिवन-पहरालाई सम्पूर्ण अर्जी ॥
रोएझैं क्रोध दाना अतिशय बल नै घोर लाचार पर्दा।
शून्यै आएर मानो तरसिइ प्रकृतिप्राण घन्क्यो विचर्दा ॥

(८६)

आमाको गर्जनाझैं घनघन छ हुरी रुन्छ हावा हनन्न।

लाचारीमा अनौठा विषय-जलधिको यो अँध्यारो निफन्न ॥
डस्छन् आकाशलाई उरग-दुखहरू अग्निले हान्छ सोला ॥
पोलायो हेर ! सारा हहर हहर यो हुर्रिंदो आँधि-गोला ।

(८७)

यस्मा मानो निशुम्भासुर गगनविषे कामको क्रोध ज्वाला ।
उर्लेभैं भै भवानी अघि विफल स्वयं, मग्न भै मान काला ॥
प्राणैले लड्न आई असिकर बलवान् सुन्दरै तत्त्वलाई ।
क्रोधैले जित्न खोज्दो सदृश अब हुरी चम्कियो फन्फनाई ॥

(८८)

कामैले उग्रचण्डी-विषय-भजनमा व्यक्ति हुन्छन् अजोड ।
तोडी आफ्नो समस्त प्रकृतिबल त्यसै चल्दछन् घोडदौड ॥
सत् राख्ने धर्म्म शक्ति प्रबल विषयले नित्य मारेर सानो ।
बन्दा बन्दै भँगेरोसरि जन-बलले युद्ध गर्दो छ कानो ॥

(८९)

ए देखें हेर ! मैले हुँडर पवनमा भैरवी मूर्ति ठोस ।
विश्वासै हुन्नथ्यो जो अघिअघि नभमा देख्छु ज्यूँदो सरोष ॥
माला लाएर साक्षात् नरशिरहरूको घन्न पड्केर पैर ।
नाच्दा छन् घोर आत्मा प्रकृति कुलचिंदा उग्रमा गर्न सैर ॥

(९०)

आओ आओ अनौठा उथलपुथलका उग्र छौंडा र घोडा ।
जाओ जाओ, दुगुर्दै वन, नभ, अवनीमा बनी लौ अजोडा ॥
लाखौं संसारका ली रव, बहु जगका आँसुका तीक्ष्ण शब्द ।

कुद्दै घुम्दै कराओ युग युगहरूकाझैं बिलौना अलब्ध ॥

(९१)

लाखौ लाखौं उडेका पवन दुखमय प्राणका खल्बलाओ।
जाओ जाओ हुरीका गणहरू पृथिवी रन्थनाई कराओ।
शायद् पानी बनाई निज रुधिर यहाँ छन् रुँदा रे शहीद।
आफ्ना स्वप्ना नफल्दा गडबड रवमा गर्जिएका फिराद ॥

(९२)

ट्रोजन क्षेत्र प्रकाशी पवन-गणहरू वीरताको बहार।
गर्दै भेरी-नगाराहरू रणथलका बाज पारी उजार ॥
राम्रो पृथ्वी हरा नै समरतुरगहो! तड्क लौ गड्क चड्क।
हेलेन् झैं सुन्दरी क्यै नियतिपछि लडी गड्गडाएर छड्क ॥

(९३)

संहारी शक्तिवेगी कटकट चल रे! व्योमका राहद्वारा।
तारा सारा निभाई तिमिरमय गरी खेलिद्यौ हारबारा ॥
चारा पानी गराई रवहरू रसझैं फन्फनाएर फड्क।
बिग्रेका चाल सारा निफन निफन रे छड्क रे छड्क छड्क ॥

(९४)

मिल्टन्का क्यै स्वतन्त्र प्रकृतिमय महातेजको खेल खेल।
कोही राणा प्रतापप्रभृति नृपहरूको महायुद्ध खेल ॥
ग्यारीबाल्डीहरूको अविजित रणका मानवी गर्न दावा।
संसारै रन्थनायो हुइँ हुइँ गर हे! उच्च आदर्श हावा ॥

(९५)

यस्तै झंझाहरूको झनझन गतिमा सभ्य संसार नाच्यो।
लाखौं हड्डी हुरीले प्रगतिबिच नयाँ वृक्षका तुल्य भाँच्यो॥
सिंचेकी रक्तद्वारा हृदय सब फटी छन् हरा पृथ्वी आज।
झंझा! पंजा बढाइ सबतिर अब हान् वेगले यो समाज।

(९६)

शान्तप्राय स्वभाव प्रकृति हुन गए थोर देखिन्छ शान।
यस्तै चाहन्छु गड्की हुनुनुनु गरने क्रान्तिको भ्रान्त गान॥
सारा पुर्जा उफारी कणकण मनका कम्पमा घन्न कम्पी।
थर्केकी देख्न पृथ्वी प्रबल बलहरू देख्न चाहन्छु हंकी॥

(९७)

योद्धाहो हे हवाका! लड लड रिसले क्रोधका आँधिभित्र।
जङ्गी जङ्गी कराओ घनघन चुरिई वारि हानी विचित्र॥
नेपालीले लडेका रणहरू पृथिवीबीचमा जो कराल।
वीरात्मा घोष घन्की घडडड बिजुलीदार देखाउ चाल॥

(९८)

झड्की तर्बार गड्की अतिशय तुजुकी देशका मानधार।
बीरात्मा लड्न आओ रणथल नभमा शानका ज्यानदार॥
हावाझैं फौज चाली अमर विजयका सिंह नेपालपाल।
गोरामा हान सोला बढ लड बलभद्र प्रतापी कराल॥

(९९)

हाम्रा भित्री अनौठा प्रबल प्रकृतिका शक्तिका भीम चाल।

काहीं सुत्छन् निदाई तिमिरमय गुहामा विचेती विशाल ॥
ती सुन्दा छैन केही तर प्रबल हुरी निस्किँदा उग्रजाल।
हामी देख्छौं सबै ती अतिशय सुखले उठ्दछन् बाल, बाल ॥

(१००)

झंझा आनन्द मेरो यसविच म सदा देख्छु आफू प्रचंड।
सीमाले बाँधिएकी प्रकृति, बल सबै फुक्दछन् अण्डबण्ड।
बेरोकासाथ झोका चलिकन मनको कार्यमा उग्र चंड।
यौटा ठूलो प्रतापी प्रसरण हुन गै भीम क्यै बन्छु जंड ॥

(१०१)

फ्याँकी जंजीर सारा प्रकृति जब बनी अंकुशीले विहीन।
सीमोल्लंघी अनौठा प्रगति लिइ हुरी आँधिमा सद्प्रवीण ॥
वीरात्मा जो सुषुप्त प्रकृति जुन निदाई थिई शान्ति भ्रान्त।
त्यै गड्की ध्वान्त बन्दा सुखमय रसले जिन्दगी बन्छ कान्त ॥

(१०२)

प्यूँछू प्यूँछू हुरी यो मधुमय रसको भीम उच्छ्वास खासा।
आशाहो! आउ मेरा गडक गडक हे दिव्य तूफान भाषा ॥
धूलोको यो मसाला छरछर रूखका पातका केशरादि।
यो झंझामा म प्यूँछू प्रगतिरस महान् विश्वको यो अनादि ॥

(१०३)

चल्छन् बोल्छन् र मिल्छन् प्रकृतिबिच यहाँ शान्ति जो आदि चाली।
दिव्यात्माले नचाए जगकवि-मनका भावका उग्र जाली ॥
नैसर्गी शक्ति सारा उथल-पुथलमा हेर! बोल्दा सजीव।

यो झंझाबीच हामी प्रबलतम क्रिया वैश्व देख्छौं अजीब ॥

(१०४)

आत्मा देखेर झंझा रसमय सुखको मस्तिमा गर्छ सैर।
उग्रोग्रै भीम ध्वान्त प्रगति प्रकृतिमा देख्छ आनन्द गैह्र ॥
ठूलो यो विप्लवात्मा हलचल छ महान् आत्मचेती मसाला।
कस्तो भीमप्रतापी गडगड चुरियो चित्तमा बल्छ ज्वाला ॥

(१०५)

यस्तै चाहन्छ मान्छे जुग-जुग जगमा दिव्य आत्म-प्रबोध।
झंझाको चढ्न घाँटी पवनहयहरू हाँक देखाइ जोड ॥।
सीमाधारी बिकम्बा प्रकृति छ जुन यो त्यो सबैलाइ चाली।
उग्रात्मा ताण्डवीको सुख छ जगतमा नाच्नु आँधि उचाली ॥

(१०६)

थोरै देखाइ आफ्नो बल शम-गतिमा सुस्त भै चल्नुलाई।
केही देख्दैन मान्छे फटफट बलको पंख चाली लडाई ॥
गर्दामा उत्तमाङ्गी हृदयज बलका चालको पाइ राह।
आफ्नो दोर्दण्ड्य-चण्ड प्रगतिमय सदा हेर्न खोज्दो छ आह ॥

(१०७)

आफैले क्यै उचाली गिरिवन पहरा विश्व केही उछाली।
हाली क्यै बीज आफ्ना घनघन गडकी क्यै प्रतापाग्नि बाली ॥
ढाली संसार आफ्नो प्रबल हृदयको जोडले राह बाली।
गड्की झंझा बनेरै जनहरु जगमा कुँद्न खोज्छन् दिशा ली ॥

(१०८)

भीमैको जो छ मीठो रस सुखमय यो रुद्रको सोख खासा।
यो मीठो मोहनीमा प्रचलित छ जगत् देव-दैत्यादि आशा ॥
यस्कै राम्रा क्रियामा जगतबिच बने उन्नति प्राय सारा।
यै हो संसार जित्ने समर प्रगतिको चित्तको वायुधारा ॥

(१०९)

झंझा उर्लेर कुर्ली अलिकति मन यो हुन्छ संचो मलाई।
सीमाबद्ध स्वभाव प्रगति उचितमा बग्न काहीं नपाई ॥
बोल् बोल् हे भीम रुद्र प्रकटित सब हो भैरवी शक्तिधारा।
ज्वारा लाखौं उठाई पवनबिच बही दे महास्वप्न सारा ॥

(११०)

हे रोकेका प्रभाव प्रकृति रुदित हे! स्वप्न हे कैददार।
हे आदर्शप्रकर्षी हृदयगगनमा बाँधिएका अपार ॥
हे मेरा विश्वबीज प्रकटित नभई मद्बिना (?) अन्धकार।
सारा सारा कराओ हुइँहुइँ गर रे आँधिमा पोख सार ॥

(१११)

हाँगाहाँगाहरूमा सकल जगतका विश्वहाँगा हजार।
हल्लाओ भावधारा कुपित पवनका तोड जंजीर सार ॥
कंपाओ विश्व सारा गडगड गर रे व्योममा पंख चाल।
भत्काई एक निद्रा सघन तिमिरको जागृति रुद्र वाल ॥

(११२)

छोटो यो जिन्दगानी शतबरस पनी छैन यै काम गर्नु।

लाखौँ स्वप्ना कुहिन्छन् विफल सब बनी भाव आखीर मर्नु ॥
यो तीतो अल्पताको विफलपन सबैमा विरोधी बनेर।
हावाहो! लौ कराओ अब सब मनका झैं बिलौना अघोर ॥

(११३)

हो हो हो भूत आओ पवनबिच सबै हीन साफल्य-सार।
लाखौं लाखौं कुराका असफलपनका क्रन्दनै झैं हजार ॥
प्रेतात्माका अनेकौं विफल हृदयका आसका भास सारा।
क्वैली रोई कराओ हररर हुरीका सबै फौजद्वारा ॥

(११४)

संसारै यो यही हो विफल प्रकृतिको आँसु आँधीसमान।
गड्कन्छन् लाख इच्छा असफल हुन गै रुन्छ यो दग्ध प्राण ॥
लाखौँ छन् स्वप्न हाम्रा विफल जगतमा सिद्धिको छैन आशा।
रोई रोई कराई गडबड हुन गै बोल्छ यो नार भाषा ॥

(११५)

पुस्ता-पुस्ता चलेका ध्वनिहरु जनका मानवेच्छा हजार।
रुन्छन् बोल्छन् दगुर्छन् गलमलहरुका शब्द भर्छन् अपार ॥
भाषाले खप्न गाह्रो, कवि कलमविषे खुल्न गाह्रो विचार।
झंझामा हेर बोल्छन् घुनुनुनु जगमा हेर आश्चर्यदार ॥

(११६)

झंझा! तैंले झिकाइस् श्रुतिहरु म बनें लट्ठ यी शब्दद्वारा।
ईशैको एक सत्ता प्रबल छ जगमा सत्यको एक सार ॥
शङ्का-त्रासादिद्वारा उथलपुथलको गर्जनाले अघोर।

काँपेको विश्व सारा प्रलय पवनमा ईशको रुन्छ सोर ॥

(११७)

आत्माकै शक्तिद्वारा प्रकृति जगतमा काम गर्दी विचित्र।
उभ्छिन्, कुद्छिन् दगुर्छिन् गडबडहरुमा तत्त्वले एक भित्र ॥
थाम्ने यो आँधिलाई जगतबिच महाशक्तिको शुद्ध तत्व।
आफ्नो सत्य प्रकाशी गजबसित क्रिया गर्छ राखी महत्त्व ॥

(११८)

गर्जोस् संसार सारा उथलपुथल होस् गडबडाओस् अघोर।
मच्चोस् कोकोहलोको भुँवर प्रकृतिमा दुःख रोओस् अजोड।
काँपून् डाँडा र काँडा अवनितल हवस् कोपले घन्नघन्न।
यौटा तत्त्व प्रशान्त प्रकृतिबिच सदा काम क्यै गर्छ धन्य ॥

(११९)

झंझाको घोर यस्तो हलचल गतिको यो महागण्डबण्ड-।
लाई जो क्षेत्र दिन्छ प्रकट उ नभई काम गर्दो छ जंड ॥
जल्ले झंझापछाडि प्रकृतिबिच महान् देख्छ नैर्मल्य तत्त्व।
देव त्यै हुन्छ त्यस्को यस जगतविषे अर्थिने शुद्ध सत्त्व ॥

(१२०)

बेकंबा गड्बडाइ घुनभुन जगमा अर्थले हीन बन्दा ॥
झंभा बेकार हुन्छन् प्रगतिहरु सबै व्यर्थका शून्य फन्दा ॥
बेकंबाको छ पोलो जगत सब जहाँ एकको तत्त्व दिव्य।
कामै गर्दैन केही गलमल सबले सत्य बन्ला अलभ्य ॥

(१२१)

झंझाको दिव्य केही भयमय गतिमा हुन्छ तत्त्व प्रचार।
कोकोलोसाथ कोलाहल रव सबमा अर्थले हीन सार ॥
देखेझैं देखिंदामा पनि त्यसबिचमा एकको कार्य चिन्ने।
टिप्छन् सौन्दर्य बीज प्रगतिबिच बनी व्यर्थता त्यो निफन्ने।

(१२२)

हे झंझा उग्रबीज प्रगतिमय महातत्त्व हे रुद्ररूप।
रोपीदै भाव मेरा यस अवनिविषे पङ्खवाला स्वरूप ॥
मट्टीमा ती परेमा पनि पछि करले सूर्यको कण्टकादि।
खप्दै चढ्दै फुलून रे! तिनबिच जगले सार पाओस् अनादि ॥

(१२३)

यो दोह्रो छालको हो गडबड यसमा पत्झडी साँझ आँधी।
यो हो झंझा युगान्ती यसबिच लहरी द्वन्द खेल्छन् अनादि ॥
यो हाम्रो ह्यूँदको हो पवन तर जहाँ उग्र यस्को प्रकोप।
ध्वंसै हो सृष्टि भन्छन् ऋषि मधु ऋतु के आउने छैन? गोप!॥